## आर्थिक वर्ष २०७३/७४ को

# वार्षिक विकास कार्यक्रम

नेपाल सरकार
**राष्ट्रिय योजना आयोग**
सिंहदरवार, काठमाडौं
२०७३

# परिच्छेद ३ : उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति

## ३.१ उद्योग

**क. पृष्ठभूमि**

देशलाई औद्योगिकरणतर्फ उन्मुख गराई दिगो औद्योगिक विकास गर्न आवश्यक नीति तथा संस्थागत व्यवस्था मार्फत औद्योगिक विकास तथा रोजगारी सिर्जना, औद्योगिक उत्पादन वृद्धि, निर्यात प्रवर्द्धन तथा विदेशी मुद्रा आर्जन गरी उच्च आर्थिक वृद्धिको लक्ष्य हासिल गर्ने दिशा तर्फ उद्योग क्षेत्रका नीति, योजना, परियोजना र कार्यक्रमहरु लक्षित रहेका छन् । राष्ट्रिय अर्थतन्त्रको विकासका लागि राष्ट्रिय उद्योगधन्दा र साधन स्रोतको संरक्षण र प्रवर्द्धन गरी नेपाली श्रम, सीप र कच्चा पदार्थमा आधारित स्वदेशी लगानीलाई प्राथमिकता दिइ सार्वजनिक, निजी र सहकारी क्षेत्रको सहभागिताद्वारा दिगो एवं बृहत् आधारसहितको औद्योगिक विकासमा औद्योगिक उत्पादन र उत्पादकत्व बृद्धि, रोजगारी सिर्जना, स्थानीय सीपको प्रयोग, आयात प्रतिस्थापन तथा निर्यात प्रवर्द्धनमा निर्देशित भई औद्योगिक विकासका कार्यक्रम संचालनमा रहेका छन् ।

## ख. चौधौं योजनाको विषय क्षेत्रगत उद्देश्य

१. उद्योग क्षेत्रको उत्पादन वृद्धि गरी कुल गार्हस्थ्य उत्पादनमा यस क्षेत्रको योगदान बढाउनु ।

२. औद्योगिक क्षेत्रमा स्वदेशी तथा विदेशी लगानी वृद्धि गरी रोजगारीको अवसर सृजना गर्नु ।

३. औद्योगिक वस्तुहरूको निर्यात वृद्धि गरी व्यापार घाटामा कमी ल्याउनु ।

## ग. चौधौं योजनाको विषयक्षेत्रगत रणनीति

१. उद्योगहरूलाई आवश्यक पर्ने पूर्वाधारको व्यवस्था गर्न नीति निर्माण र कार्यान्वयनमा जोड दिने ।

२ स्थानीय स्रोत एवं सीपको उपयोग गरी लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र सञ्चालनलाई प्रभावकारी बनाउने ।

३. अन्तरप्रदेश तथा प्रदेश र संघबीचको औद्योगिक अन्तरसम्बन्ध सुदृढ गरी सन्तुलित विकासमा उद्योग क्षेत्रको योगदान बढाउने ।

४. गैरआवासीय नेपालीहरूलाई लगानीमा प्रोत्साहन गर्न नीतिगत व्यवस्था गर्ने ।

५. लगानीमैत्री वातावरण सिर्जना गर्न आवश्यक नीति तथा ऐनको परिमार्जन र तर्जुमा गर्ने ।

६ तुलनात्मक लाभका क्षेत्रको पहिचान गरी गुणस्तरयुक्त एवं प्रतिस्पर्धात्मक औद्योगिक वस्तुको निर्यातलाई बढावा दिने ।

उल्लेखित रणनीति कार्यान्वयन गरी उद्देश्य हासिल गर्न देहायबमोजिम नतिजा सूचकहरु तय गरिएका छन् :

## घ. नतिजा सूचक

| नतिजा सूचक | ईकाई | आ.व. २०७२/७३ सम्मको प्रगति | आगामी तीन आर्थिक वर्ष (२०७३/७४ – २०७५/७६)को लक्ष्य | | | |
|---|---|---|---|---|---|---|
| | | | आ.व. २०७३/७४ | आ.व. २०७४/७५ | आ.व. २०७५/७६ | कुल जम्मा |
| लघु, घरेलु, साना, मझौला तथा ठूला उद्योगको स्थापना र संचालनमार्फत रोजगारीको सिर्जना | संख्या (हजारमा) | २५०४ | १५ | १३ | १४ | ४२ |
| ठूला उद्योग दर्ता | संख्या | ८३५ | १३५ | १४६ | १६० | २८२ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| मझौला उद्योग दर्ता | संख्या | १४६३ | १४७ | १५५ | १६३ | ४६५ |
| घरेलु तथा साना उद्योग दर्ता | संख्या (हजारमा) | २६४ | १८ | २० | २२ | ६० |
| लघु उद्यम विकास कार्यक्रम | जिल्ला. | ६४ | ५ | ६ | ० | ७५ |
| लघु उद्यमीको स्तरोन्नती | संख्या (हजारमा) | २७ | १७ | १६.५ | १७ | ५०.५ |
| लघु उद्यमी सिर्जना | संख्या (हजारमा) | ९० | १७ | १६.५ | १७ | ५०.५ |
| सिमेन्ट उद्योगको लागि पहुँचमार्ग निर्माण | कि.मी. | १४० | ४० | ३९ | ३५ | ११४ |
| खानीको अन्वेषण | व.कि.मी. | ७७ | १७ | ३०० | ४५० | ७६७ |
| खनिज अन्वेषणात्मक ड्रिलिङ्ग | मिटर | ० | ६०० | २५० | १५० | १००० |
| खनिज अन्वेषणात्मक सर्वे | हेक्टर | ० | ३०० | ३५० | ४०० | १०५० |
| गुणस्तर प्रयोगशाला स्थापना र संचालन | संख्या | ५ | १ | २ | २ | ५ |
| कम्पनी दर्ताको डिजिटाइजेसन | संख्या (हजारमा) | ८९ | २६ | २० | २२ | ६८ |

ङ. वार्षिक विकास कार्यक्रम

| क्र.सं. | कार्यक्रम आयोजना (ब.उ.शी.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | शुरू तथा सम्पन्न वर्ष र कूल लागत (रु. हजारमा) | प्रमुख प्रतिफलहरू | हालसम्मको प्रगति स्थिति | आ.व. ०७३/०७४ मा सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|
| १ | उद्योग विभाग (३०७०१२-३/४) | १,५ | सालवसाली | • वैदेशिक लगानी, ठूला उद्योग र निर्यात प्रर्वद्धन भएको हुने । | • २,२९८ उद्योगहरु दर्ता भएको,<br>• ४,०६४ वैदेशिक लगानीका उद्योगहरुको अुनमति प्रदान गरिएको ।<br>• निर्यातमा नगद अनुदानका लागि रु.३० करोड विनियोजित कार्यान्वयनमा भईरहेको ।<br>• भवन निर्माणको ठेक्कापट्टा भै कार्यान्वयन अगाडि बढेको । | • लगानीकर्तालाई सहज हुने गरी विभागको सेवालाई अनलाईनमा लैजाने ।<br>• भवन निर्माण प्रारम्भ गर्ने ।<br>• निर्यातमा नगद प्रोत्साहनबाट निर्यात प्रवर्द्धन गर्ने ।<br>• लगानी सहजीकरण केन्द्र स्थापना गर्ने ।<br>• चोभारमा अन्तराष्ट्रिय स्तरको प्रदर्शनी स्थल निर्माण गर्ने । |
| २ | घरेलु तथा सानाउद्योग विभाग (३०७०१४-३/४) | २ | सालवसाली | घरेलु तथा साना उद्योगहरुको नियमन भएको हुने । | हालसम्म २,६३,७६६ उद्योगहरु दर्ता भएको । | महिला उद्यमशीलता विकास कोष, लघु घरेलु कर्जा कोष सञ्चालन गर्ने । |
| ३ | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम उर्जा समेत (३०७१०१-३/४) | ५ | सालवसाली | दिगो विकाससँग उद्योग क्षेत्र समायोजन भएको हुने । | • हेटौंडा औद्योगिक क्षेत्रमा Waste Water Treatement Plant सञ्चालनमा आएको । | • वातावरणीय प्रदुषण न्यूनीकरण गर्ने उर्जा उत्पादनका नविन उपाय पहिचान र प्रयोग गर्ने । |
| ४ | खनिज अन्वेषण तथाविकास आयोजना (३०७१०२-३/४) | २ | सालवसाली | खनिज पदार्थहरुको उत्खननको क्षमता पहिचान भएको हुने । | • नवलपरासीमा फलाम खनिज अन्वेषण – २ वर्ग कि.मी. टोपोग्राफिक सर्भे तथा २ टन नमूना संकलन कार्य सम्पन्न भएको । | • मुस्ताङमा युरेनियम अन्वेषण (सर्भे चिप तथा च्यानल स्याम्पलिङ, १० व.कि.मी.) गर्ने । |

| क्र.सं. | कार्यक्रम आयोजना (ब.उ.शी.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | शुरू तथा सम्पन्न वर्ष र कूल लागत (रु. हजारमा) | प्रमुख प्रतिफलहरू | हालसम्मको प्रगति स्थिति | आ.व. ०७३/०७४ मा सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|
| | | | | | • मुस्ताङ्गमा युरेनियम अन्वेषण भएको ।<br>• ६० वटा खनीहरुको वातवरणीय अनुगमन तथा नीरिक्षण भएको ।<br>• निर्माणमूखी खनिज (ढुंगा) अन्वेषण गर्न ८ जिल्लाको ४० खानीको लागि प्रस्ताव आह्वान गरिएको ।<br>• ९१ वटा खानी उत्खननको प्रमाणपत्र प्रदान तथा नविकरण गरिएको ।<br>• २४४ वटा खानी खोजतलासको प्रमाणपत्र प्रदान तथा नविकरण गरिएको ।<br>• टेकु र इमाडोलमा प्राकृतिक ग्यास अन्वेषण तथा परिक्षण भएको । | • मकवानपुरमा युरेनियम अन्वेषण (ड्रिलिंङ, १०० मिटर) गर्ने ।<br>• नवलपरासीमा फलाम अन्वेषण (ड्रिलिंङ, १५० मिटर) गर्ने ।<br>• नवलपरासीमा फलामको औद्योगिक उत्पादन परिक्षण (२ टन) गर्ने ।<br>• धादिंङमा चुनढुंगा अन्वेषण (१०० हेक्टर) गर्ने ।<br>• बझाङमा फस्फोराइट अन्वेषण (२०० मिटर) गर्ने ।<br>• ग्यास अन्वेषण ड्रिलिंङ (३५० मिटर) गर्ने ।<br>• खास खनिज उद्योग (१५ खानी) प्रवर्द्धन गर्ने । |
| ५ | पेट्रोलियम अन्वेषण परियोजना (३०७१०३-३/४) | २ | सालवसाली | पेट्रोलियम अन्वेषण भएको हुने । | • पेट्रोलिमय अन्वेषण कार्यको लागि चीन सरकारसँग सम्झौता गरिएको । | • पेट्रोलियम पदार्थ सम्बन्धी नक्साङ्कन (कार्टोग्राफी) गर्ने ।<br>• विस्तृत भौगर्भिक Section Measurement गर्ने ।<br>• पेट्रोलियम पदार्थ सम्बन्धी नक्सा अध्यावधिक गर्ने ।<br>• पेट्रोलिमय ब्लकहरुको संभाव्यता अध्ययन गर्ने। |

| क्र.सं. | कार्यक्रम आयोजना (ब.उ.शी.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | शुरू तथा सम्पन्न वर्ष र कूल लागत (रु. हजारमा) | प्रमुख प्रतिफलहरू | हालसम्मको प्रगति स्थिति | आ.व. ०७३/०७४ मा सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|
| ६ | भूवैज्ञानिकसर्भेक्षण तथा अनुसन्धान आयोजना (३०७१०४-३/४ ) | २,६ | सालवसाली | जियो हजार्ड र अर्वान जियोलोजीको अध्ययन भएको हुने । | • जियोटेक्निकल तथा पेट्रोलोजिकल उपकरण खरिद सम्झौता सम्पन्न भएको ।<br>• भूकम्पीय तथा भौगर्भिक अन्वेषण उपकरण खरिद रिटेन्डर भएको ।<br>• भूकम्पीय पहिरो तथा पुनर्वासीय क्षेत्रको ७ वटा फिल्ड अध्ययन सम्पन्न भएको ।<br>• भूकम्पीय पहिरो तथा पुनर्वासीय क्षेत्रको १३ वटा फिल्ड अध्ययन भएको ।<br>• जियोलोजिकल म्युजियम निर्माण कार्य भइरहेको । | • भूकम्पीय पहिरो तथा भूकम्पीय क्षेत्र (९ फिल्ड) को पुनर्वास अध्ययन गर्ने ।<br>• भूकम्पीय अन्वेषण (२ फिल्ड) गर्ने।<br>• भूकम्पीय अध्ययन उपकरण खरिद गर्ने ।<br>• जियो टुरिज्म (जोमसोम, टुकुचे देखि मुक्तिनाथसम्म) सम्बन्धी अध्ययन गर्ने । |
| ७ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान (३०७१०५-३/४) | २ | सालवसाली | औद्योगिक व्यवसायको विकासमा अनुसन्धान र अध्ययन भएको हुने । | • विभिन्न विषयमा तालिम कार्यक्रम सञ्चालन गरिएको । | • उद्यमशीलता विकास तथा सचेतना तालिम दिने ।<br>• उद्यम विकास सहजकर्ता तालिम दिने । |
| ८ | घरेलु तथा साना उद्योग विकास समिति (केन्द्र) (३०७१०६-३/४) | २ | सालवसाली | | | • लघु, घरेलु तथा साना औद्योगिक प्रदर्शनी आयोजना गर्ने ।<br>• उद्यमशीलता, रोजगारमूलक, सशक्तीकरण, सीप विकास तथा क्षमता अभिबृद्धि तालिम दिने।<br>• औद्योगिक तथ्याङ्क तथा प्रोफाइल अध्यावधिक गर्ने । |

| क्र.सं. | कार्यक्रम आयोजना (ब.उ.शी.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | शुरू तथा सम्पन्न वर्ष र कूल लागत (रु. हजारमा) | प्रमुख प्रतिफलहरू | हालसम्मको प्रगति स्थिति | आ.व. ०७३/०७४ मा सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|
| ९ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र (३०७१०७-३/४) | २ | सालवसाली | रोजगारी र स्वरोजगारीका अवसरहरु विकास भएको हुने । | • केन्द्रस्तरमा विभिन्न विषयमा व्यवासायिक तालिम प्रदान गरिएको । | • उद्यमशीलता विकास, हाउस वायरिङ्ग, मखमल ढाका जुत्ता चप्पल, कृष्टल सामग्री, हाते एम्ब्रोइडरी, हाते कागज लगायतका तालिमहरु सञ्चालन गर्ने। |
| १० | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) (३०७१०८-३/४) | ३,५ | सालवसाली | सिमेन्ट उद्योगहरुमा सडक र विद्युत पहुँच विस्तार भएको हुने, भैरहवा विशेष आर्थिक क्षेत्र सन्चालनमा आएको हुने । | • विभिन्न १४ स्थानरुहमा सेजको कार्यहरु संचालनमा रहेको ।<br>• भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन मापदण्ड तयार भएको ।<br>• ज्ञछ सिमेन्ट उद्योगहरुको पहुँच सडक निर्माण भैरहेको ।<br>• १२ उद्योगहरुको लागि विद्युत प्रसारण लाईन तथा सवस्टेशन निर्माण भैरहेको। | • भैरहवा विशेष आर्थिक क्षेत्र सञ्चालन गर्ने ।<br>• सिमरा विशेष आर्थिक क्षेत्रको ब्लक ए मा तयारी पोशाक प्रबर्द्धन प्रशोधन क्षेत्रको पूर्वाधार निर्माण गर्ने ।<br>• सातवटा प्रदेशमा आठवटा औद्योगिक क्षेत्रको विस्तृत परियोजना प्रतिवेदन र कम्पाउण्ड वाल निर्माण गर्ने ।<br>• २५ वटा सिमेन्ट उद्योगको खानिस्थल पहुँचमार्ग निर्माण गर्ने ।<br>• १८ वटा सिमेन्ट उद्योगको विद्युत प्रशारण लाईन तथा सवस्टेशन निर्माण गर्ने ।<br>पाँचखाल विशेष आर्थिक क्षेत्रको पूर्वाधार निर्माणमा विदेशी लगानीकर्ता भित्र्याउने लगायत LMBIS मा |

| क्र.सं. | कार्यक्रम आयोजना (ब.उ.शी.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | शुरू तथा सम्पन्न वर्ष र कूल लागत (रु. हजारमा) | प्रमुख प्रतिफलहरू | हालसम्मको प्रगति स्थिति | आ.व. ०७३/०७४ मा सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | उल्लेख भएका आयोजना/कार्यक्रमहरु कार्यान्वयन गर्ने । |
| ११ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम (३०७१०८-३/४) | ३,५ | सालवसाली | औद्योगिक क्षेत्रमा लगानी प्रवद्र्धन सम्बन्धी नीतिगत कानूनी व्यवस्था तर्जुमा भएको हुने । | • औद्योगिक नीति, २०६७ अनुकूल हुने गरी नयाँ औद्योगिक व्यवसाय ऐन २०७१ व्यवस्थापिका संसदमा पेश भएको ।<br>• विशेष आर्थिक क्षेत्रको स्थापना, सञ्चालन र व्यवस्थापन गर्न विधेयक व्यवस्थापिका संसदमा पेश भएको । | • औद्योगिक विकास रणनीति तर्जुमा गर्ने ।<br>• बिप्पा सम्भाव्यता अध्ययन गर्ने ।<br>• लगानी वर्ष मनाउने ।<br>• मन्त्रालय र अन्तर्गतको व्यवस्थापन सूचना प्रणालीमा सुधार गर्ने ।<br>• औद्योगिक प्रतिष्ठानमा लैङ्गिक परीक्षण गर्ने ।<br>• उत्कृष्ठ महिला उद्यमी सम्मान कार्यक्रम गर्ने ।<br>• रुग्ण उद्योग पुनःस्थापना गर्ने ।<br>• नेपाल व्यवसाय मञ्च सञ्चालन गर्ने। |
| १२ | गरिवी निवारणको लागिलघुउद्यम विकास कार्यक्रम (३०७११२-३/४) | २,६ | सालवसाली | लघु उद्यमीहरुको विकास र गरिबी न्यूनीकरणमा योगदान पुगेको हुने । | • ९० हजार नयाँ लघु उद्यमी तयार भएको ।<br>• २७,४९० लघु उद्यमीको स्तरोन्नति भएको । | • उद्यमीहरुको स्तरोन्नतिका लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्ने ।<br>• साझा सुविधाकेन्द्र निर्माण गर्ने,<br>• वातावरणमैत्री प्रविधिको सुधार तथा विकास गर्ने ।<br>• उद्यमी सिर्जना र स्तरोन्नति गर्ने । |

| क्र.सं. | कार्यक्रम आयोजना (ब.उ.शी.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | शुरू तथा सम्पन्न वर्ष र कूल लागत (रु. हजारमा) | प्रमुख प्रतिफलहरू | हालसम्मको प्रगति स्थिति | आ.व. ०७३/०७४ मा सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|
| १३ | नेपाल व्यापारएकिकृत रणनीति २०१ (NTIS) (३०७११४-३/४) | ६ | सालवसाली | रत्नपत्थर सम्बन्धी तालिम, प्रयोगशाला सुदृढीकरण र निर्यात प्रवर्द्धन भएको हुने । | • डोटी र सुर्खेतमा तालिम भवन निर्माण कार्य सम्पन्न भएको।<br>• रत्नपत्थर सम्बन्धी १०० जनालाई तालिम प्रदान गरिएको ।<br>• रत्नपत्थर सम्बन्धी सचेतना तालिम कार्यक्रम सम्पन्न भएको । | • रत्नपत्थर स्तरवृद्धि तथा सीप अभिबृद्धि कार्यक्रम गर्ने।<br>• रत्नपत्थर सम्बन्धी जनशक्ति विकास गर्ने।<br>• रत्नपत्थर सम्बन्धी उपकरण खरिद गर्ने । |
| १४ | ग्रामीण उद्यम तथाविप्रेषण परियोजना (समृद्धि) (३०७११५-३/४) | ४,६,२ | सन् २०१५/१६-२०२२ ६६८0000 | कोशी, सगरमाथा र जनकपुर अञ्चलका १६ जिल्लामा विप्रेषण आयको माध्यम लगायतबाट ग्रामीण उद्यम तथा स्वरोजगार सिर्जना भएको हुने । | • कार्यक्रम सञ्चालनमा आइनसकेको । | • सीपमूलक तालिम दिने।<br>• उद्यमशीलता विकास गर्ने।<br>• बजारमा पहुँच वृद्धि गर्ने। |
| १५ | घरेलु तथा सानाउद्योग कार्यक्रम (४८ जिल्ला) (३०७८०१-३/४) | २ | सालवसाली | घरेलु तथा साना उद्योगहरुको विकासको माध्यमबाट रोजगारीको अवसर सिर्जना हुने र औद्योगिकीकरणको गतिलाई तिव्रता दिने । | • घढठड जनालाई व्यवसाय तथा सीप विकास तालिम प्रदान गरिएको। | • घरेलु तथा साना उद्यमीका लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्ने।<br>• परम्परागत उद्योग प्रवर्द्धन र विकास गर्ने।<br>• लक्षित वर्गको उद्यमशीलता, सीप तथा क्षमता विकास गर्ने।<br>• उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने। |

| क्र.सं. | कार्यक्रम आयोजना (ब.उ.शी.नं.) | क्षेत्रगत रणनीतिक स्तम्भ | शुरू तथा सम्पन्न वर्ष र कूल लागत (रु. हजारमा) | प्रमुख प्रतिफलहरू | हालसम्मको प्रगति स्थिति | आ.व. ०७३/०७४ मा सञ्चालन हुने क्रियाकलापहरु |
|---|---|---|---|---|---|---|
| | | | | | | • औद्योगिक ग्रामको प्रारम्भिक कार्य गर्ने ।<br>• यूवा उद्यमशीलता विकास तथा जनशक्ति विकास कार्यक्रम सञ्चालन गर्ने। |
| १६ | घरेलु तथा सानाउद्योग कार्यक्रम (२७ जिल्ला) (३०७८०२-३/४) | २ | सालवसाली | घरेलु तथा साना उद्योगहरुको विकासको माध्यमबाट रोजगारीका अवसरहरु सिर्जना भएको हुने औद्योगिकीकरणको गतिलाई तिव्रता दिने । | • ८०२२ उद्योग दर्ता भएको । २०२८ महिला र ८०७० पुरुष गरी १००९८ उद्यमी सिर्जना, ७७०७ महिला र २६११६ पुरुष गरी ३३८२३ रोजगारी सिर्जना भएको । | • घरेलु तथा साना उद्यमीका लागि उपयुक्त प्रविधि हस्तान्तरण गर्ने ।<br>• परम्परागत उद्योग प्रवर्द्धन र विकास गर्ने ।<br>• लक्षित वर्गको उद्यमशीलता, सीप तथा क्षमता विकास गर्ने ।<br>• उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्ने ।<br>• औद्योगिक ग्रामको प्रारम्भिक कार्य गर्ने ।<br>• यूवा उद्यमशीलता विकास तथा जनशक्ति विकास कार्यक्रम सञ्चालन गर्ने। |

## च. बजेट

आर्थिक वर्ष २०७३/७४ को लागि यस क्षेत्र/मन्त्रालयको लागि चालु तर्फ रु. ३२२.३९, करोड पूँजीगत तर्फ रु. ३८३.१७ करोड गरी जम्मा रु. ७०५.५६ करोड विनियोजन गरिएको छ । बजेट उप/शीर्षकगत विनियोजन सम्बन्धी विस्तृत विवरण अनुसूची ३.१ मा दिइएको छ ।

## अनुसूची ३
## उद्योग, वाणिज्य, आपूर्ति, पर्यटन र संस्कृति विषय क्षेत्रगत विनियोजित बजेट

### ३.१ उद्योग

(रकम रू हजारमा)

| क्र.सं. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | आ.व. २०७३/७४ को संशोधित अनुमान | आ.व. २०७३/७४ को विनियोजन र स्रोत | | | | | | | रणनीतिक स्तम्भ | प्राथमिकताक्रम | दीगो विकास लक्ष्य संकेत | गरिबी न्यूनीकरण संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल जम्मा | चालू | पुँजीगत | वित्तिय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | | | | | |
| १ | ३०७०११ | उद्योग मन्त्रालय | ४९,०१७ | ७२,५३८ | ६९,५२३ | ३,०१५ | ० | ७२,५३८ | ० | ० | ६ | १ | ९ | २ | १ | ३ |
| २ | ३०७०१२ | उद्योग विभाग | ३३८,९६३ | ३९९,६९० | ३३५,१०२ | ६४,५८८ | ० | ३९९,६९० | ० | ० | ६ | १ | ९ | २ | ३ | ३ |
| ३ | ३०७०१३ | खानी तथा भूगर्भ विभाग | ९०,१५३ | ८७,१०३ | ७०,३६३ | १६,७४० | ० | ८७,१०३ | ० | ० | ६ | १ | ९ | २ | ३ | ३ |
| ४ | ३०७०१४ | घरेलु तथा साना उद्योग विभाग | ७९,१०० | ४५१,२७२ | ३०३,२७२ | १४८,००० | ० | ४५१,२७२ | ० | ० | ६ | १ | ८ | १ | २ | ३ |
| ५ | ३०७०१५ | केन्द्रिय कारागार कारखाना | १२,८१३ | ६,२४८ | ५,२३३ | १,०१५ | ० | ६,२४८ | ० | ० | ६ | १ | १६ | २ | २ | ३ |
| ६ | ३०७०१६ | नेपाल गुणस्तर तथा नापतौल विभाग | ७८,९७९ | ८४,२३६ | ५८,७३६ | २५,५०० | ० | ८४,२३६ | ० | ० | ६ | १ | ९ | १ | ३ | ३ |
| ७ | ३०७०१७ | नेपाल गुणस्तर तथा नापतौल कार्यालयहरु | ५७,८०९ | ७५,७९७ | ४७,७९७ | २८,००० | ० | ७५,७९७ | ० | ० | ६ | १ | ९ | १ | ३ | ३ |
| ८ | ३०७०१८ | कम्पनी रजिष्ट्रारको कार्यालय | ३८,३८४ | ४७,४७३ | ३५,०७३ | १२,४०० | ० | ४७,४७३ | ० | ० | ६ | १ | ९ | २ | ३ | ३ |
| ९ | ३०७०१९ | सैनिक सामग्री उत्पादन निर्देशानलय | २८२,६८५ | ४०९,८४५ | १८६,४२४ | २२३,४२१ | ० | ४०९,८४५ | ० | ० | ६ | १ | ९ | २ | ३ | ३ |
| १० | ३०७१०१ | वातावरणीय क्षेत्र सहयोग कार्यक्रम-उर्जा कार्यक्रम समेत | १४,९७६ | १९,४४१ | १६,२६३ | ३,१७८ | ० | १९,४४१ | ० | ० | २ | १ | १५ | १ | १ | १ |
| ११ | ३०७१०२ | खनिज अन्वेषण तथा विकास आयोजना | १७,६६९ | २७३,२८८ | १३,४३१ | २५९,८५७ | ० | २७३,२८८ | ० | ० | १ | १ | ९ | २ | ३ | ३ |

| क्र.सं. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | आ.व. २०७३/७४ को संशोधित अनुमान | आ.व. २०७३/७४ को विनियोजन र स्रोत | | | | | | | रणनीतिक स्तम्भ | प्राथमिकताक्रम | दीगो विकास लक्ष्य संकेत | गरिबी न्यूनीकरण संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल जम्मा | चालू | पुँजीगत | वित्तिय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | | | | | |
| १२ | ३०७१०३ | पेट्रोलियम अन्वेषण परियोजना | ९,००७ | १०,५११ | ८,९३० | १,५८१ | ० | १०,५११ | ० | ० | १ | १ | ९ | २ | ३ | ३ |
| १३ | ३०७१०४ | भू-वैज्ञानिक सर्भेक्षण तथा अनुसन्धान आयोजना | ५६,९४५ | २५,३८० | ६,५६५ | १८,८१५ | ० | २५,३८० | ० | ० | १ | १ | ९ | २ | ३ | ३ |
| १४ | ३०७१०५ | औद्योगिक व्यवसाय विकास प्रतिष्ठान | ३२,७५७ | ६९,०४६ | ५३,७०६ | १५,३४० | ० | ६९,०४६ | ० | ० | १ | २ | १ | २ | ३ | ३ |
| १५ | ३०७१०६ | घरेलु तथा साना उद्योग विकास कार्यक्रम (समिति) | ८१,५३७ | २३६,३०८ | २३०,३०८ | ६,००० | ० | २३६,३०८ | ० | ० | १ | १ | १ | १ | १ | ३ |
| १६ | ३०७१०७ | घरेलु तथा साना उद्योग प्रशिक्षण केन्द्र | ३१,४२१ | ४७,३३० | ४४,८७१ | २,४५९ | ० | ४७,३३० | ० | ० | १ | १ | ८ | १ | १ | ३ |
| १७ | ३०७१०८ | औद्योगिक पूर्वाधार विकास कार्यक्रम (विशेष आर्थिक क्षेत्र समेत) | १,१५९,२४७ | २,५३३,२२५ | २१,३६९ | २,५११,८५६ | ० | २,५३३,२२५ | ० | ० | १ | १ | ९ | १ | ३ | ३ |
| १८ | ३०७१०९ | औद्योगिक लगानी प्रवर्द्धन कार्यक्रम | ८,४०५ | १०,४८६ | १०,४७३ | १३ | ० | १०,४८६ | ० | ० | १ | १ | ९ | १ | २ | ३ |
| १९ | ३०७११२ | लघु उद्यम विकास कार्यक्रम | ८७१,९८५ | १,०२८,०५६ | ९८१,९११ | ४६,१४५ | ० | ३२८,६७७ | ६९९,३७९ | ० | १ | १ | १ | १ | १ | ३ |
| २० | ३०७११४ | नेपाल व्यापार एकिकृत रणनीति (उद्योग कार्यक्रम) | २२,८८० | १७,८५० | ९,९४६ | ७,९०४ | ० | १७,८५० | ० | ० | १ | १ | ८ | १ | २ | ३ |
| २१ | ३०७११५ | ग्रामीण उद्यम् तथा विप्रेषण परियोजन (समृद्धि) | ० | २९९,३७६ | २४९,४४० | ४९,९३६ | ० | ३०,१३६ | १४८,९०८ | १२०,३३२ | १ | १ | १ | १ | ३ | २ |

| क्र.सं. | ब.उ.शी.नं. | कार्यक्रम/आयोजना | आ.व. २०७३/७४ को संशोधित अनुमान | आ.व. २०७३/७४ को विनियोजन र स्रोत | | | | | | | रणनीतिक स्तम्भ | प्राथमिकताक्रम | दीगो विकास लक्ष्य संकेत | गरिबी न्यूनीकरण संकेत | लैङ्गिक संकेत | जलवायु संकेत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | कूल जम्मा | चालू | पुँजीगत | वित्तिय व्यवस्था | नेपाल सरकार | वैदेशिक अनुदान | वैदेशिक ऋण | | | | | | |
| २२ | ३०७८०१ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (४८ जिल्ला) | ३५५,७८० | ५७०,३३६ | २८४,३५१ | २८५,९८५ | ० | ५७०,३३६ | ० | ० | १ | १ | १ | १ | १ | ३ |
| २३ | ३०७८०२ | घरेलु तथा साना उद्योग बिकास कार्यक्रम (२७ जिल्ला) | २०७,९९९ | २८०,८३२ | १८०,८३२ | १००,००० | ० | २८०,८३२ | ० | ० | १ | १ | १ | १ | १ | ३ |
| | | कुल जम्मा | ३,८९८,५११ | ७,०५५,६६७ | ३,२२३,९१९ | ३,८३१,७४८ | ० | ६,०८७,०४८ | ८४८,२८७ | १२०,३३२ | | | | | | |